२. बोर्डको ईतिहासमा पहिलोपटक धितोपत्र दर्ता गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत भई कारोबार भईरहेका कम्पनीले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम बुझाउनुपर्ने त्रैमासिक विवरण नबुझाउने र ढिला गरी विवरण बुझाउने ८८ वटा कम्पनीलाई स्पष्टीकरण सोधी कारवाही प्रकृया अगाडि बढेको छ ।

३. बोर्डबाट लगानीकर्ताहरुको हक हित संरक्षणका लाीग कानुन प्रबलीकरणलाई सुदृढ गर्ने क्रममा छोटो समयमा नै २० भन्दा बढी कारवाही गरिएको छ । उक्त क्रममा धितोपत्र सम्बन्धी कसूरहरुमा कारबाही, धितोपत्रको भित्री कारोबारको अनुसन्धान, धितोपत्र व्यवसायीहरुलाई कारवाही गरिएको छ ।

| **क्र.स.** | **विवरण** | **स्थापना देखि मिति २०७८।११।५ सम्म** | **मिति २०७८।११।६ देखि २०८० पुस २० सम्म** |
|---|---|---|---|
| १ | धितोपत्र दलाल व्यवसायी | ४ | ७ |
| २ | मर्चेन्ट बैंकर | - | २ |
| ३ | क्रेडिट रेटिंग संस्था | - | १ |
| ४ | भित्री कारोबार सम्बन्धी कसूर | - | १ |
| ५ | जालसाजीयुक्त कारोबार सम्बन्धी कसूर | - | १ |
| ६ | सामूहिक लगानी योजना व्यवस्थापक | ४ | - |
| ७ | सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूर | - | ४ |
| ८ | सुचीकृत संगठित संस्थाका संचालक | १ | २ |
| ९ | सेयरको नक्कली प्रमाणपत्र सम्बन्धी कारवाही | १ | - |
| १० | सूचीकृत संगठित संस्था | - | - |
| ११ | अन्य | - | २ |
|  | जम्मा | १० | २० |

४. सामूहिक लगानी कोषले संगठित सार्वजनिक निष्काशनमा छुट्याएको खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँट गरेको छ महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न नपाउने व्यवस्था गरिएको छ ।

५. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत संगठित संस्थाको संस्थापक तथा अन्य समूहको सेयरको लक इन सम्बन्धी व्यवस्थित गर्ने क्रममा तोकिएको लक इन अवधि समाप्त हुनुभन्दा कम्तिमा ३०(तीस) दिन अगाडि सरोकारवाला पक्षहरुलाई जानकारी गराउन सेयरको वर्ग तथा लक इनमा रहेको सेयर संख्या र अवधि जस्ता विषय समेटी सार्वजनिक सूचना प्रकाशन गर्न र उक्त सूचना नेप्से र सिडिएससिको वेबसाईटमा राख्ने व्यवस्था गरिएको छ ।

## घ) बजार विकास तथा सुधारका अन्य कार्यहरु

बोर्डबाट लगानीकर्ताको हित संरक्षण तथा धितोपत्र बजार नियमन तथा सुपरिवेक्षण गर्ने क्रममा हालसाल भए गरिएका बजार विकास तथा सुधारसम्बन्धी कार्यहरुलाई देहाय अनुरुप प्रस्तुत गरिएको छः

१. **Dedicated TMS का लागि व्यवस्थाः** लगानीकर्ताहरुले विकसित बजार उपलब्ध भएका विशेषता तथा सुविधा सहितको सेवा प्रदान गर्न सक्ने गरी नेप्सेको कारोबार प्रणालीसँग आबद्ध हुने गरी कारोबार व्यवस्थापन प्रणाली (TMS ) स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ जसबाट धितोपत्र कारोबार प्रतिस्पर्धी, स्वच्छ र पारदर्शी बनाउन सहयोग पुग्नेछ ।

**३. धितोपत्र व्यवसायी, सूचीकृत कम्पनीहरुका लागि रिपोटिंग ढाँचा विकास(Standard Reporting Format):** धितोपत्र व्यवसायी(मर्चेन्ट बैंकर, धितोपत्र दलाल र धितोपत्र व्यापारी), सामूहिक लगानी कोषको योजना तथा सूचीकृत कम्पनीहरुले बोर्डमा पेश गर्नुपर्ने वित्तीय विवरण लगायतका प्रतिवेदन एकीकृत रुपमा प्राप्त होस भन्ने हेतुले नेपाल चार्टर्ड एकाउण्टेन्टस् संस्थाको प्राविधिक सहयोगमा ढाँचा विकास गरिएकोमा सञ्चालक समितिको बैठकमा पेश भई लागू गर्ने चरणमा रहेको ।

## च) कार्ययोजना अनुरुप सम्पन्न हुन नसकेका कार्यहरु:

बोर्ड अध्यक्षको नियुक्तिका क्रममा पेश गरिएको कार्ययोजना अनुरुप सम्पन्न हुन नसकेका कार्यहरु । आगामी

१. साना तथा मझौला कम्पनीको धितोपत्र निष्काशन तथा कारोवार सम्बन्धी नियमावली तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयमा २०८० जेठ ७ मा पेश गरिएकोमा सो नियमावली नेपाल सरकारबाट स्वीकृत भै नसकेकोले सो कार्यान्वयनमा ल्याउन नसकिएको ।

२. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी महत्वपूर्ण मौजुदा तथ्याङ्क एवं जानकारीहरुको समूचित अभिलेख व्यवस्थापन तथा बोर्डमा प्रयोग भैरहेका र भविष्यमा प्रयोग हुने विभिन्न प्रणालीहरुको व्यवस्थापन गर्न बोर्डको आफ्नै डाटा सेन्टर स्थापना गर्ने कार्य गर्न नसकिएकोले Digital Platform र Paperless Administration System लागू गर्न नसकिएको ।

३. धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा हुने कारोबारको अनुगमन तथा सुपरिबेक्षण गर्न अन्तर्राष्ट्रिय रुपमा प्रयोग भैरहेका AI Based एकीकृत वास्तविक समय सुपरिबेक्षण प्रणाली (Integrated Automated Market Surveillance System) को विकास तथा कार्यान्वयन ल्याउन नसकिएको ।

४. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लगानीकर्ताहरु तथा अन्य सरोकारवाला पक्षहरुबाट बोर्डमा प्राप्त हुने गुनासो र उजुरीहरुको प्रभावकारी समाधानको व्यवस्था गर्न मोबाइल एप सहितको केन्द्रिकृत गुनासो सुनुवाई प्रणाली (Centralized Grievance Handling System) को व्यवस्था गर्न नसकिएको ।

५. बोर्डको जग्गा खरिद तथा प्राप्त गर्ने र भवन निर्माण गर्ने कार्य गर्न नसकिएको ।

६. नयाँ धितोपत्र औजारहरुको संचालनका लागि सहजीकरण गर्न आवश्यक नीतिगत, प्रक्रियागत तथा संस्थागत व्यवस्था गर्ने क्रममा मार्जिन लेन्डिगं सम्बन्ध अध्ययन भईसकेको भएतापनि पूर्ण कार्यान्वयनमा मार्जिन कारोबार Short Selling, Intra Day Trading, Auction Market र Securities Lending and Borrowing को व्यवस्था गर्न नसकिएको ।

७. सूचीकृत संगठित संस्थाको स्वतन्त्र संचालक नियुक्ति सम्बन्धी कार्यविधि एवं धितोपत्र व्यवसायीको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका बनाई कार्यान्वयनमा ल्याउन नसकिएको ।

उपुर्यक्तानुसारका अध्ययन भई सम्पन्न हुन नसकेका कार्यहरु बोर्डको आगामी नेतृत्वले अगाडि बढाएमा नेपालको पुँजीबजारमा दिगो विकास भई बजार नयाँ उचाईमा पुग्ने देखिन्छ ।

***